# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
## बाह्रौं बार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको सञ्चालक समितिको निर्णयानुसार बोलाइएको बाह्रौ बार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०६६ पौष ३ गते शुक्रबार (१८ डिसेम्बर, २००९)
स्थान : उद्योग संगठन मोरङको सभाकक्ष, शहीद मार्ग, तिनपैनी, विराटनगर
समय : अपरान्ह १२:३० बजे
(हाजिरी विहान ११:३० बजे देखि १:३० बजे सम्म)

३. **उपस्थिति :**

**सञ्चालकहरूको उपस्थिती :**

| | | | |
|---|---|---|---|
| क) | श्री जगदीश प्रसाद अग्रवाल | - | अध्यक्ष |
| ख) | श्री तुलसीराम अग्रवाल | - | सञ्चालक |
| ग) | श्री निर्मल कूमार अग्रवाल | - | सञ्चालक |
| घ) | श्री लोकमान्य गोल्छा | - | सञ्चालक |
| ङ) | श्री राजेन्द्र अर्याल | - | सञ्चालक |
| च) | श्री गणेशमान श्रेष्ठ | - | सञ्चालक |

बिशेष कारणबस संचालक श्री बिरेन्द्र कुमार संघाई उपस्थित हुन सक्नु भएन ।

**पदाधिकारीहरूको उपस्थिती :**

| | | | |
|---|---|---|---|
| क) | श्री सशिन जोशी | - | प्रमुख कार्यकारी अधिकृत |
| ख) | श्री निरज श्रेष्ठ | - | महाप्रबन्धक- बिजनेश बैकिङ्ग तथा कम्पनी सचिव |
| ग) | श्री प्रविन वस्नेत | - | संचालन प्रबन्धक |
| घ) | श्री गोपाल राजबाहक | - | लेखापरीक्षक |

४. **सभाको सुचना :**

बाह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संक्षिप्त बार्षिक आर्थिक प्रतिवेदन शेयरधनीहरूले बैंकलाई उपलब्ध गराएको ठेगानामा पठाउनुका साथै सभा बस्ने बारेको सूचना क्रमशः राष्ट्रिय दैनिक नागरीकमा २०६६ मंसिर ७ गते र कान्तिपुर राष्ट्रिय दैनिकमा २०६६ मंसिर ११ गते प्रकाशित गर्नुका साथै बैंकको वेब साईटमा समेत राखी शेयरधनी महानुभावहरूलाई सार्वजनिक रूपले सुचित गरिएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**

१) आ.व. २०६५/६६ को सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०६६ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६५/६६ को नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिले सिफारिस गरे बमोजिम ०.७९% का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

४) आर्थिक बर्ष २०६६/६७ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ( हाल वहालवाला लेखापरीक्षक श्री गोपाल प्रसाद राजवाहक, जि.पि राजवाहक एण्ड कम्पनी पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

५) संचालकहरूको वैठक भत्ता र दैनिक भ्रमण भत्ता बृद्धि गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिले सिफारिस गरे बमोजिम चूक्ता पुंजीको १५% का दरले बोनस शेयर जारी गर्ने र सोही हदसम्मको पूँजी बृद्धि गर्ने ।

२) प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।

**(ग) विविध :**

## ६. शेयरधनीहरूको उपस्थिती :

| कुल शेयधनीको संख्या | स्वयं उपस्थित | प्रतिनिधीपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३३,६०८ (क-ख समुह) | २२० | ३३ | २५३ | ६७.०३% |

## ७. गणपुरक संख्या एवम् बैधानिकता :

सभाको प्रारम्भमा कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावली र कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक गणपूरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै आजको यस सभाको अध्यक्षता गरी दिन सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपुरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ का अधिनमा रही सभा विधिवत प्रारम्भ भयो ।

## ८. सभाको अध्यक्षता :

सभाका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूले बार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूको हार्दिक स्वागत गर्दै काम कार्वाही अगाडि बढाउनु भयो ।

## ९. बार्षिक प्रतिवेदन तथा प्रस्तावहरूको प्रस्तुति :

अध्यक्षज्यूले आफ्नो मन्तब्य पढेर सुनाई सकेपछि सञ्चालक समितिको प्रतिवेदन र लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०६५/६६ को नाफा नोक्सान हिसाव र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो । यसै क्रममा निम्न लिखित महानुभावहरूले जिज्ञासा, प्रश्न, सुझाव तथा मन्तव्य सभामा प्रकट गर्नुं भयो:

१. श्री बंशीधर काबरा
२. श्री भगवती प्रसाद अगरवाल
३. श्री योगेश अग्रवाल
४. श्री शंकर अग्रवाल
५. श्री राजेन्द्र शर्मा
६. श्री भरतराज पोखरेल
७. श्री नारायण सुन्दर श्रेष्ठ

## छलफलका क्रममा उठेका मुख्य मुख्य कुराहरूको सारांश:

सभाका वक्ता मध्ये केहीले बार्षिक साधारणसभा लगायत बैंकबाट शेयरधनीहरूलाई पठाउनु पर्ने सूचना, वासलात, नाफा-नोक्सान हिसाब समयमा प्राप्त गर्न नसकेको, विस्तृत वासलात अंग्रेजीमा नभई नेपालीमा प्रकाशन गर्नुपर्ने,

१५% बोनस शेयर दिईएकोमा खुशी व्यक्त, बार्षिक साधारणसभा अन्य जिल्लामा समेत आयोजना गर्नुपर्ने, बैंकका परिसुचक हेर्दा राम्रो र सबल देखिएको, निक्षेपमा अघिल्लो आर्थिक बर्षको तुलनामा १९% ले भएको बृद्धि उत्साहप्रद रहेको, लगानीकर्ताले राम्रो फाइदा पाउन सकेको धारणा व्यक्त, त्यसैगरी विस्तृत बार्षिक प्रतिवेदन सभा स्थलमा मात्र प्राप्त भएकोले कार्यालय संचालन खर्च बारे अध्ययन मनन गर्न समय पर्याप्त नभएको, बार्षिक साधारण सभा तोकिएको समयमा नै प्रारम्भ हुनुपर्ने, कमलादि स्थित कर्पोरेट भवन निर्माण कार्य तत्कालै शुरू गर्नुपर्ने, सर्बसाधारण शेयरधनीको प्रतिनिधित्व गर्नु हुने मध्ये एकजना संचालक सभामा उपस्थित न हुनुभएकोमा गुनासो व्यक्त, बिज्ञ सल्लाहकार संचालक नियुक्त हुनुभएकोमा खुशी व्यक्त, जग्गा र सवारी साधनमा लगानी कम गर्नुपर्ने, बासलातलाई स्वीकृति दिंदा नेपाल राष्ट्र बैंकको कैफियत के थियो जानकारी गराईदिनु पर्ने, लेखापरिक्षकको नियुक्ति ऐनको प्रक्रिया पुऱ्याएर हुनु पर्ने धारणा व्यक्त, Staff Expenses अनुसारको Return हुनु पर्ने चर्चा गर्नु भयो । समष्टीगत रूपमा बैंकको यस समिक्षा अवधि बारे शेयरधनीहरूबाट सभामा मिश्रित प्रतिक्रिया व्यक्त गरिएको थियो । छलफल बैंकको आर्थिक नतिजा, शेयरधनीहरूले पाउनु पर्ने प्रतिफल र व्यवस्थापकिय बिश्लेषणमा केन्द्रित रह्यो ।

## <u>सभामा उठेका प्रश्न तथा जिज्ञासाहरूको प्रत्युत्तरको प्रस्तुतिकरण :</u>

### अध्यक्षज्यूको आज्ञाले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सशिन जोशीज्यूले दिनु भएको समुहगत जवाफ :

बैंकले प्राप्त गरेको सफलता प्रति शेयरधनी महानुभावहरूले देखाउनु भएको विश्वास प्रति धन्यवाद ब्यक्त गर्दछौं । शेयरधनी महानुभावहरूले दर्शाउनु भएको आस्था र समर्थनबाट नै बैंक एक पछि अर्को फड्को मार्दै यस स्थानसम्म आईपुग्न सफल भएको छ र बैंकको ब्यवस्थापन अझ उत्साहित र उर्जायुक्त भएको छ । बैंकले गरेको क्रियाकलाप सम्बन्धि आर्थिक विवरणको सुक्ष्म विश्लेषण गरेर आफ्ना धारणा राख्नु भएकोमा सवै शेयरधनी महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछु भन्नुभयो ।

शेयरधनीहरूलाई कम्पनी ऐनमा रहेको कानुनी प्राबधान अनुसार नै राष्ट्रिय दैनिकहरूमा सूचना प्रकाशित गरिएको, संक्षिप्त आर्थिक विवरण तथा संचालक समितिको प्रतिवेदन समयमा नै प्रेषित गरिएको र बैंकको बासलात, लेखा प्रतिबेदन आदि बैंकको Website मा समेत राखिएको जानकारी गराउनु भयो । विस्तृत वासलात नेपाली भाषामा प्रकाशन गर्ने तर्फ आउँदा बर्ष प्रयास गर्ने जानकारी गराउनु भयो । लेखा प्रतिबेदनको स्वीकृति लिने सिलसिलामा नेपाल राष्ट्र बैंकबाट प्राप्त पत्र सभामा पढेर सुनाउनु हुँदै कुनै कैफियत नभएको जानकारी गराउनु भयो । बैंकको LLP मापदण्ड भित्रै रहेको, सबै खर्चहरूमा यथाशक्य मितव्ययिता अपनाइएको तथा बैंकको कुल आम्दानीको तुलनामा कुल खर्च न्यून रहेको (सो को अनुपात नेपालका बैंकहरूमध्ये सबैभन्दा कम अनुपात रहने केही बैंकहरू मध्ये NIC बैंक समेत रहेको), लोककल्याण र परोपकारी कार्यका लागि NIC Foundation को स्थापना गरी बिभिन्न सामाजिक लोकोपकारका कार्यहरू संचालन गरेको जानकारी गराउनु भयो । शाखा भएका अन्य स्थानमा बार्षिक साधारण सभा गर्न कानुनी प्राबधान र संभाव्यतालाई बिचार गरी प्रयास गरिने बताउनु भयो । उहांले यो बैंक उत्कृष्ट व्यपस्थापन गर्ने बैंक मध्येमा रहेको चर्चा गर्दै १% भन्दा कम खराब कर्जा रहेको यस बैंकको प्रति शेयर आम्दानी (EPS) रू. २८/- रहेकोले शेयर बजार बिश्लेषणका आधारमा राम्रो मान्नु पर्ने बताउनु भयो । कर्पोरेट भवन निर्माणको सम्बन्धमा उहाँले बिभिन्न नियमनकारी निकायहरूबाट पुरा गराउनु पर्ने औपचारिकताले गर्दा केहि ढिलाई हुन गएको बताउनु भयो । घर जग्गामा प्रवाहित ऋणको अनुपात कम रहेको तथा नेपाल राष्ट्र बैंकको निर्देशनको सिमा भन्दा अझ कम नै रहेको उल्लेख गर्नु भयो । सर्वसाधारण शेयरधनीहरूका तर्फबाट प्रतिनिधित्व गर्नुहुने एकजना संचालकज्यूको सभामा सहभागी हुने कार्यक्रम निश्चित नै रहेको भएतापनि अन्तिम क्षणमा केही बिशेष परिस्थितिबश काठमाडौबाट प्रस्थान गर्न नसक्नु भई सभामा सहभागी हुन नसक्नु भएको यथार्थता सभामा जानकारी गराउनुभयो ।

प्रमूख कार्यकारी अधिकृतले भबिष्यमा Balance Sheet को Growth लाई Support गर्ने गरी प्रयाप्त पूँजीको व्यवस्था गरिसकेपछि पर्याप्त Surplus संचित मुनाफा भएको अवस्थामा नगद लाभांस दिन बैंक सक्षम हुने नै र हाल Share Dividend को रूपमा बैंकलाई अझ मजबुत गर्न बोनस शेयर दिईएको प्रसंग उल्लेख गर्नु हुँदै शेयरधनी महानुभावहरूले दर्शाउनु भएको सहनशिलता र धैर्यताका लागि आभार प्रकट गर्नुभयो ।

१०. **सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव :**

१) छलफलको लागि सभामा प्रस्तुत विषय सूचीको (१) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गऱ्यो ।

२) विषय सूचीको (२) बमोजिम लेखापरीक्षकको प्रतिवेदनसहितको २०६६ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६५/६६ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफलपश्चात् सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गऱ्यो ।

३) विषय सूचिको (३) बमोजिम संचालक समितिले सिफारिस गरेको ३१ आषाढ २०६६ मा समाप्त भएको आर्थिक बर्षमा संचित नाफाबाट चुक्ता पूजीको ०.७९% अर्थात रू. ९०,०३,७८९/- लाभांश प्रस्तावलाई स्वीकृती प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४) विषय सूचीको (४) बमोजिम आर्थिक वर्ष २०६६/६७ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि बहालवाला लेखापरीक्षक श्री गोपाल प्रसाद राजवाहक (जि.पि. राजवाहक एण्ड कम्पनी) चार्टर्ड एकाउन्टेण्टलाई रू. १,५०,०००/- (एक लाख पचास हजार हजार रूपैयाँ) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

५) विषय सूचीको (५) बमोजिम संचालकहरूको वैठक भत्ता बृद्धि गर्ने सम्बन्धमा बैंकको कारोबारमा भएको बृद्धिसंगै सञ्चालक समितिको कार्यमा समेत बद्धि भएको तथा समयावधिलाई दृष्टिगत गर्दै समसामयिक बनाउन संचालकहरूको वैठक भत्ता तथा दैनिक भ्रमण भत्ता बृद्धि गरी निम्न बमोजिम कायम गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**बैठक भत्ता :**

| | |
|---|---|
| अध्यक्षः | रू. १०,०००/- |
| सदस्यः | रू. ९,०००/- |
| यातायात खर्चः | वास्तविक |

**दैनिक भ्रमण भत्ता :**

१. काठमाडौं/पोखराः रू. ७,५००/- दैनिक

२. अन्य स्थानः रू. ५,५००/- दैनिक

**(ख) विशेष प्रस्ताव :**

१) विषय सूचीको (१) बमोजिम संचालक समितिले सिफारिस गरे बमोजिम १५% प्रतिशत बोनस शेयर सम्बन्धी विशेष प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव करतल ध्वनीका साथ सर्वसम्मतिले पारित गरियो । बोनस शेयर वितरण गर्दा दशमलव पछि आउने कित्ताका लागि पूरा एक शेयर जारी गर्न नमिल्ने हुनाले बैंकले १५ प्रतिशतको अनुपातमा पूरा शेयरको मात्र प्रमाणपत्र दिने र दशमलब पछि आउने कित्तालाई सम्बन्धित शेयरधनीको नाममा नै अभिलेख राखिने, तर लाभांश रकम वितरण गर्दा सबैलाई समानुपातिक रूपले प्राप्त हुन सक्ने गरी दशमलब पछिका कित्ताको समेत लाभांश दिइने छ । विद्यमान शेयरधनीले आफ्नो सम्पूर्ण शेयर अन्यलाई बिक्री गरेको खण्डमा नामसारी गर्दा दशमलब पछिका कित्ता (Fraction Shares) समेत खरीदकर्ताको नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने तर विद्यमान शेयरधनीले सम्पूर्ण शेयर बिक्री नगरी खण्डित शेयर मात्र बिक्री गरेमा दशमलब पछिका कित्ताको लगत खण्डित गरि बाँकी रहेको अन्तिम शेयरसम्म सर्ने र अन्तिम शेयर बिक्री गर्दाको अवस्थामा मात्र दशमलब पछिका कित्ता (Fraction Shares) समेत खरीदकर्ताको

नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने सर्वसम्मतिबाट निर्णय गरियो ।

२) विषय सूची (२) बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संलग्न अनुसूची बमोजिमको विशेष प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि छलफल पश्चात सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूबाट प्रस्तावित संशोधनमा प्रबन्धपत्रको दफा २(१), ४(त), ४(भ), ४(कथ), ४(कन), ४(कप), ४(कफ), ४(कब), ५(२), ५(३) र नियमावलीको नियम २(१), ८(२), १०(७), २६(२), ३१(१)अ, ३१(१)आ मा देहाय बमोजिम संशोधन/थप गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**प्रबन्धपत्र**

| साविकको दफा/उपदफा | साविकको व्यवस्था | संशोधित दफा/उपदफा | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| २(१) | यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मोरङ जिल्लाको बिराटनगर उप-महानगरपालिका वडा नं. ९ मा रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्व सूचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ । रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ । | २(१) | यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मोरङ जिल्लाको बिराटनगर उपमहानगरपालिकामा रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्व सूचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ । रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ । | बैंकको केन्द्रीय कार्यालय बिराटनगर उपमहानगरपालिकाको आफ्नै भवनमा सर्ने भएकोले । |
| ४(त) | नेपाल अधिराज्य भित्र वा विदेशमा विनिमयपत्र, चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन, चांदी, शेयर, डिवेन्चर, बण्ड आदि खरीद बिक्री गर्ने र शेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड आदिको ब्याज असुलउपर गर्ने । | ४(त) | नेपाल भित्र वा विदेशमा विनिमयपत्र, चेक, ड्राफ्ट वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने, चलान गर्ने, प्राप्त गर्ने, विभिन्न प्रकारका डेरिभेटिभ्स् (सबै प्रकारका Futures, swap, forward आदि), ETF (Exchange Traded Fund) तथा अन्य उपकरण, सुन, चांदी, शेयर, डिबेञ्चर, बण्ड आदि खरिद बिक्री तथा ट्रेडिङ्ग (Trading) गर्ने, सो सम्बन्धमा दलाल (Broker), सहायक दलाल (Sub-Broker), क्लियरिङ तथा सेटलमेण्ट बैंक (Clearing and Settlement Bank) भई काम गर्ने, शेयरको लाभांस तथा प्रतिज्ञापत्र, डिवेन्चर, बण्ड आदिको ब्याज असूल उपर गर्ने, साथै सो कार्यहरू गर्नको लागि एजेण्ट वा सहायक दलाल (Sub-Broker) नियूक्ति गर्ने । | बैंकको कार्यक्षेत्र विस्तार गर्न आवश्यक भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| ४(भ) | नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने । | ४(भ) | नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही शेयर, नयाँ निष्काशन (फर्दर पब्लिक ईस्यू), डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने । | नयाँ निष्काशनको थप व्यवस्था गर्ने । |
| ४(कध) | नयाँ थप | ४(कध) | नेपाल राष्ट्र बैंकको पूर्वस्विकृति लिई विदेशमा विदेशी बैंक तथा वित्तीय संस्थाहरूलाई पूँजीगत लगानी नहुने गरी गैह्र कोषमा आधारित विभिन्न प्राविधिक सेवा (Technical Service) प्रदान गर्ने । | नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन बमोजिम प्राविधिक सेवा सम्बन्धि व्यवस्था गर्न आवश्यक भएकाले । |
| ४(कन) | नयाँ थप | ४(कन) | माथि उल्लेखित उद्देश्य प्राप्तिको निमित्त प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंक र/वा सम्बन्धित निकायको स्वीकृती लिई बैंकको पूर्ण वा आंशिक स्वामित्वमा वा संयूक्त लगानीमा नेपाल भित्र वा विदेशमा कूनैपनि सहायक कम्पनी र सोको शाखा, उपशाखा, सम्पर्क कार्यालय खोल्ने । | बैंकको संजाल विस्तारका लागि आवश्यक व्यवस्था गर्न । |
| ४(कप) | नयाँ थप | ४(कप) | उपरोक्त कार्यहरूको अतिरिक्त सम्बन्धित नियमनकारी निकाय/अन्य निकायको स्वीकृति लिई भेञ्चर क्यापिटल तथा प्राइभेट इक्विटी सम्बन्धी कार्यहरू, म्यूचुअल फण्ड, लगानी परामर्श सेवा (ईन्भेष्टमेण्ट एड्भाईजरी सर्भिसेज) तथा बजार निर्माता (मार्केट मेकर) भई सेवा उपलब्ध गराउने । | बैंकले गर्न सक्ने कार्यको दायरा विस्तार गर्न । |
| ४(कफ) | नयाँ थप | ४(कफ) | एक वा अनेक बैंकहरू वा वित्तिय संस्थाहरूको मार्फत् वा संयूक्त भई वा सिधै स्टकहरू, शेयरहरू, बण्डहरू, डिबेन्चरहरू र अरू सुरक्षणहरू प्रत्याभूति ( अण्डरराईट) गर्ने व्यवस्था गर्ने र वितरण गर्ने कामहरूका साथै सबै प्रकारका लगानी र वित्तिय कारोबार स्थापित गर्ने, कायम राख्ने, सञ्चालन गर्ने र अभिभारा लिने, | बैंकले गर्न सक्ने कार्यको दायरा विस्तार गर्न । |
| ४(कब) | नयाँ थप | ४(कब) | प्रचलित कानुनको अधीनमा रही धितोपत्रको केन्द्रिय निक्षेप प्रणाली अन्तर्गत निक्षेप सदस्य (Depository Participant) भई विद्युतीय धितोपत्र निक्षेप सुविधा तथा क्लियरिङ्ग सुविधा उपलब्ध गराउने । | बैंकले गर्न सक्ने कार्यको दायरा विस्तार गर्न । |

| | | | | |
|---|---|---|---|---|
| ५(२) | बैंकको तत्काल जारी पुंजी रू. १,१४,०४,८०,०००।- (रू. एक अर्ब चौध करोड चार लाख असी हजार मात्र) हुनेछ । उक्त पुंजीलाई रू. १००।- दरका एक करोड चौध लाख चार हजार आठ सय थान साधारण शेयरमा विभाजन गरिएको छ । | ५(२) | बैंकको तत्काल जारी पुंजी रू. १,३१,१५,५२,०००।- (रू. एक अर्ब एकतीस करोड पन्ध्र लाख बाउन्न हजार मात्र) हुनेछ । उक्त पुंजीलाई रू. १००।- दरका एक करोड एकतीस लाख पन्ध्र हजार पाँच सय बीस थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनस शेयर जारी गर्न गरिएको प्रस्ताव अनुसार जारी पुंजी बृद्धि गर्नु पर्ने भएकाले । |
| ५(३) | बैंकको तत्काल चूक्ता पुंजी रू. १,१४,०४,८०,०००।- (रू. एक अर्ब चौध करोड चार लाख असी हजार मात्र) हुनेछ । उक्त पुंजीलाई रू. १००।- दरका एक करोड चौध लाख चार हजार आठ सय थान साधारण शेयरमा विभाजन गरिएको छ । | ५(३) | बैंकको तत्काल चूक्ता पुंजी रू. १,३१,१५,५२,०००।- (रू. एक अर्ब एकतीस करोड पन्ध्र लाख बाउन्न हजार मात्र) हुनेछ । उक्त पुंजीलाई रू. १००।- दरका एक करोड एकतीस लाख पन्ध्र हजार पाँच सय बीस थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनस शेयर जारी गर्न गरिएको प्रस्ताव अनुसार चुक्ता पुंजी बृद्धि गर्नु पर्ने भएकाले । |

## नियमावली

| साविकको नियम/उपनियम | साविकको व्यवस्था | संशोधित नियम/उपनियम | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|---|
| २(१) | यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मोरङ जिल्लाको बिराटनगर उपमहानगरपालिका वडा नं. ९ मा रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्व सूचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ । रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ । | २(१) | यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय मोरङ जिल्लाको बिराटनगर उपमहानगरपालिमा रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्व सूचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ । रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ । | बैंकको केन्द्रीय कार्यालय बिराटनगर उपमहानगरपालिकाो आफ्नै भवनमा सर्ने भएकोले । |
| ८(२) | यस बैंकमा ७ जनाको सञ्चालक समिति हुनेछ । | ८(२) | यस बैंकमा ८ जनाको सञ्चालक समिति हुनेछ । | बैंकको एघारौं बार्षिक साधारण सभाले संचालकहरूको संख्या ८ जना रहने गरी निर्णय गरे बमोजिम शिर्ष खण्डमा उल्लेख गर्न छुट भएकोले तदनुसार दुरूस्त गरिएको । |
| १०(७) | संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्नेछ । | १०(७) | संचालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले संचालकको हैसियतले दिन पाउने मतका अतिरिक्त थप निर्णायक मत दिन सक्नेछन् । | कम्पनी ऐन, २०६३ को दफा ९७ (६) बमोजिमको व्यवस्था कायम गर्न । |
| २६(२) | नयाँ थप | २६(२) | बैंकले निष्काशन गरेको हकप्रद शेयर खरिद गर्न पाउने साविकका शेयरधनीहरूले आफुले शेयर खरीद गर्न पाउने सम्पूर्ण वा | हकप्रद शेयरको हक बिक्री/हस्तान्तरण गर्न सम्बन्धि व्यवस्था गर्न । |

| | | | | |
|---|---|---|---|---|
| | | | आंशिक हकप्रद शेयर आफु खरिद नगरी अन्य व्यक्तिलाई बिक्री/हस्तान्तरण गर्न चाहेमा प्रचलित कानून बमोजिम तोकिएको प्रक्रिया अनुसार त्यस्तो हक बिक्री/हस्तान्तरण गर्न सक्नेछन्। | |
| ३१ (१) अ | बैठक भत्ता:<br>अध्यक्ष: रू. ८,००० /-<br>सदस्य: रू. ७,००० /-<br>यातायात खर्च: वास्तविक | ३१ (१) अ | बैठक भत्ता:<br>अध्यक्ष: रू. १०,००० /-<br>सदस्य: रू. ९,००० /-<br>यातायात खर्च: वास्तविक | बैंकको कारोबारमा भएको वृद्धिसंगै संचालक समितिको कार्यमा वृद्धि भएको तथा समयावधिलाई दृष्टिगत गर्दै समसामयिक बनाउन बैठक भत्ता बढाउनुपर्ने भएकाले। |
| ३१ (१) आ | दैनिक भ्रमण भत्ता:<br>क) नेपालमा:<br>१. काठमाडौं/पोखरा:<br>रू. ६,०००/- दैनीक<br>२. अन्य स्थान:<br>रू. ४,५००/- दैनिक | ३१ (१) आ | दैनिक भ्रमण भत्ता:<br>क) नेपालमा:<br>१. काठमाडौं/पोखरा:<br>रू. ७,५००/- दैनिक<br>२. अन्य स्थान:<br>रू. ५,५००/- दैनिक | समय सापेक्ष बानाउनका लागी। |

सभाबाट पारित भई संशोधन भएको उपरोक्त प्रबन्धपत्र तथा नियमावली कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायतका नियामक निकायहरूबाट प्राप्त हुन आउने निर्देशन, सुझावहरू समायोजन गर्न तथा स्विकृती गराउन आवश्यकता अनुसार प्रबन्धपत्र तथा नियमावलीको मूल मर्म र भावनामा असर नपर्ने गरी सामान्य संशोधन समेत गर्ने लगायतका आवश्यक काम कारवाही सम्पन्न गर्न प्रमूख कार्यकारी अधिकृतलाई अख्तियारी प्रदान गरियो।

(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन।

तत्पश्चात् अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको छलफलको सूचीमा परेको सम्पूर्ण विषयहरू सामान्य र विशेष प्रस्तावको रूपमा सभामा पेश भएको र सोमा छलफल भई प्रस्तुत प्रस्तावहरू सभाबाट पारित भएको घोषणा गर्नुभयो।

अन्त्यमा अध्यक्षज्यूले बार्षिक साधारण सभाको माध्यमबाट शेयरधनी महानुभावहरूले समय समयमा बैंकलाई मूल्यवान सल्लाह सुझाव दिई रहनुहुने र सो बाट बैंकलाई नीति निर्धारण एवम् बैंकको कृयाकलापलाई नयाँ दिशा एवम् गति दिनमा महत्पूर्ण सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै बैंकको भविष्य सुनिश्चित र उज्वल हुने कुरामा आफु विश्वस्त रहेको वताउनु भयो। यसै अवसरमा बैंकको संचालक समितिमा रिक्त हुन आएको पदमा मिति २०६५ फाल्गुण ४ गतेदेखि बाँकी अवधिका लागि संस्थापक शेयरधनी तर्फबाट नियुक्त हुनु भएका संचालक श्री लोकमान्य गोल्छा र मिति २०६६ कार्तिक १५ गतेदेखि नियुक्त हुनु भएका व्यवसायिक संचालक श्री गणेश मान श्रेष्ठलाई उहाँहरूको कार्यकालमा प्रभावकारी सहयोग प्राप्त हुने कुरामा विश्वास व्यक्त गर्नु भयो। साथै शेयरधनी महानुभावलाई उहाहरूले गर्नु भएको सहृदय समर्थनको लागि आभार प्रकट गर्दै आजको यो बाह्रौं बार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो।

निरज श्रेष्ठ
कम्पनी सचिव

सशिन जोशी
प्रमुख कार्यकारी अधिकृत

जगदीश प्रसाद अग्रवाल
अध्यक्ष